मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal

पत्र संख्याः ०७९/०८०

च.नं.

मितिः२०७९।११।१६

**विषयः लोकगीत प्रतियोगिता सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा ११३ औं अन्तर्राष्ट्रिय नारी दिवस-२०७९ को अवसरमा मण्डनदेउपुर नगरपालिका काभ्रेबाट **"लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक विषयक"** लोकगीत प्रतियोगिता आयोजना गरिएको हुँदा सम्बन्धित सबैमा सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ। यस प्रतियोगिताका प्रक्रिया, मिति, स्थान र समय देहाय अनुसार रहनेछः

**१. प्रतियोगिताको व्यवस्थापनः सर्त र प्रक्रिया**

क) प्रत्येक वडाबाट महिला र पुरूषसहित ५-७ जनाको १ समूहले अनिवार्य भाग लिनुपर्नेछ।

ख) प्रतियोगी सम्बन्धित वडाको हुनुपर्ने र निजले सम्बन्धित वडाबासी भएको जनाउने नागरिकता प्रतिलिपि, परिचय पत्र वा अन्य कागजात पेश गर्नुपर्नेछ।

ग) नगरपालिकास्थित महिला सहकारी संस्थाले पनि ५-७ जना लोकगीत प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउनेछ।

घ) लोकगीत प्रतियोगितामा प्रथम, दितीय, तृतीय र सान्त्वना पुरस्कारबापत क्रमशः रू.२०,०००।-, रू.१५,०००।-, रू. १०,०००।- र रू. ५,०००।- पुरस्कार करकट्टीसहित प्राप्त गर्नेछ भने प्रमाणपत्र सहभागी सबैलाई उपलब्ध गरिनेछ ।

ङ) प्रतियोगी समूह र सहभागीलाई आवतजावतको लागि सवारी साधनको व्यवस्था नगरपालिकाबाट नै गरिनेछ।

च) बाह्य निर्णयकर्ताबाट मूल्याङकन गराई उक्त नतिजालाई आधार मानिनेछ र निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ।

छ) प्रतिस्पर्धा गर्न इच्छुक वडागत र महिला सहकारी समूहले सम्बन्धित वडाको सिफारिस सहित २०७९ साल फागुन २२ गतेभित्र प्रतिस्पर्धा गर्ने गायन समूह तयार गरी नगरपालिकाको महिला शाखामा गायन समूहको नामावली र लोक गीतको भाका पेश गर्नुपर्नेछ। वाद्यवादनको व्यवस्था न.पा. बाट गरिनेछ।

ज) प्रतियोगिताको दिन कार्यक्रम स्थलमा ३० मिनेट अगावै आइपुग्नु पर्नेछ।

झ) प्रतिस्पर्धी र सहभागीलाई खाजा र चियाको व्यवस्था गरिनेछ।

**२.मिति, स्थान र समय**

- मितिः २०७९ साल फागुन २४ गते (अन्तर्राष्ट्रिय नारी दिवस)
- स्थानः मण्डनदेउपुर पार्टी प्यालेसको हल, कुन्तावेशी
- समयः बिहान १०:३० बजेदेखि

*नोटः कार्यक्रम साझेदारी र सहकार्य गर्न इच्छुक सहकारी संस्था, सामाजिक संघसंस्था, निजी फर्म एवम् व्यक्तिले महिला विकास शाखामा सम्पर्क राख्नु हुन ।*

*सम्पर्कः ९८४१९४११३९*

डा.लोकबहादुर लोप्चन
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**